# संघीय संसद
# राष्ट्रिय सभा
# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १०२
मिति २०७८/११/१६
समयः दिनको ०१.०० बजे
प्रारम्भ: ०१ : ०५ बजे
अन्त्यः ०२: ४५ बजे

**<u>छलफल तथा निर्णय</u> :-**

(१) समितिको आज मिति २०७८/११/१६ बैठक राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको गरिमामय उपस्थितिमा सम्पन्न भयो ।सम्माननीय अध्यक्षज्यूबाट राष्ट्रिय गौरवका आयोजनाको काम कारवाहीका साथै समितिको कार्यक्षेत्रभित्रका काम कारवाहीलाई प्रभावकारी वनाउन निर्देशन भयो ।

(२) राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमितिहरुको काम कारवाही सम्बन्धमा उपसमिति 'क' का संयोजक माननीय रामचन्द्र राई तथा उपसमिति 'ख' का संयोजक माननीय अनिता देवकोटाले उप समितिले सम्पन्न गरेका हालसम्मका काम कारवाहि एवं आयोजना कार्यान्वयनमा देखापरेका कठिनाईहरु समितिलाई जानकारी गराउनु भयो। त्यसै गरि उपसमिति 'ग' का संयोजक माननीय शेखर कुमार सिंहले राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमिति 'ग' को तर्फबाट मिति २०७८/११/१५ गते समितिमा पेश गर्नुभएको अध्ययन प्रतिवेदन माथि छलफल भयो ।

(३) समितिको बार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने सम्बन्धमा छलफल भयो।

(४) समितिको यो बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।